# स्थानीय राजपत्र

दोर्दी गाउँपालिकाद्वारा प्रकाशित

(खण्ड ७) नौथर, लमजुङ २०८० साल पौष २६ गते (संख्या ६)


## भाग-२

# दोर्दी गाउँपालिका खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०८०

(गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८०/०९/२५)

**प्रस्तावनाः**

दोर्दी गाउँपालिकामा शैक्षिक क्षेत्रभित्र वा बाहिर खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखी युवाहरुको शारीरिक तथा मानसिक विकास गरी गाउँपालिका क्षेत्रभित्र खेलकुदमा स्वच्छ प्रतिष्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत स्वस्थ नागरिक बनाउनको लागि विभिन्न तालिम तथा खेलकुद सम्बन्धी प्रतियोगीताहरु सञ्चालन गरी सबै किसिमको खेलकुद आयोजना गर्न तथा स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा गाउँपालिकाको उपयुक्त सहभागिता समेतको आवश्यक व्यवस्था गरी खेलकुदको विकास गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ को (क) बमोजिम हुन वान्छनीय भएकोले दोर्दी गाउँपालिकाको प्रशासकीय (कार्यविधी नियमित गर्ने) ऐन २०७८ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी दोर्दी गाउँपालिका कार्यपालिकाको मिति २०८०/०९/२५ गतेको निर्णयबाट यो "दोर्दी गाउँपालिका खेलकुद विकास सञ्चालन कार्यविधि, २०८०" स्वीकृत गरिएको छ।

**परिच्छेद एक**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम "दोर्दी गाउँपालिका खेलकुद बिकास समिति सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(ख) यो कार्यविधि दोर्दी गाउँपालिका कार्यपालिकाबाट स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ।

(ग) यो कार्यविधि शैक्षिक संस्था, क्लव, खेलकुदको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था तथा खेलकुद सम्बन्धी परामर्श दिने संस्थाको हकमा समेत लागु हुनेछ।

## परिच्छेद दुई

## परिभाषा

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "गाउँपालिका" भन्नाले दोर्दी गाउँपालिकालाई जनाउँछ।

(ख) "कार्यविधि" भन्नाले दोर्दी गाउँपालिका "दोर्दी गाउँपालिका खेलकुद विकास कार्यविधि, २०७९" सम्झनु पर्छ।

(ग) "दोर्दी गाउँपालिका खेलकुद विकास समिति" यस कार्यविधीको दफा ३ (१) बमोजिम गठित खेलकुद विकास समिति सम्झनु पर्छ र यसलाई छोटकरीमा "खेलकुद समिति" भनिनेछ।

(घ) "संयोजक" भन्नाले खेलकुद विकास समितिको संयोजक सम्झनु पर्छ।

(ङ) "सदस्य" भन्नाले खेलकुद विकास समितिका सदस्य सम्झनु पर्छ।

(च) "सदस्य–सचिव" भन्नाले खेलकुद विकास समितिको सदस्य-सचिव सम्झनु पर्छ।

(छ) "अध्यक्ष" भन्नाले दोर्दी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ज) "उपाध्यक्ष" भन्नाले दोर्दी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दोर्दी गाउँपालिकाको अध्यक्ष प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ञ) "खेलकुद सम्बन्धी संस्था" भन्नाले दफा १० र ११ बमोजिम दर्ता भएको संस्था सम्झनु पर्छ।

(ट) "स्थानीय तह" भन्नाले दोर्दी गाउँपालिकालाई सम्झनु पर्दछ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ड) "खेलकुद" भन्नाले दोर्दी गाउँपालिकाको आयोजना वा स्विकृती वा सहमति लिई खेलाइने खेलकुद समेतलाई सम्झनु पर्दछ।

(ढ) "खेलाडी" भन्नाले टिम, क्लव, संघ, संस्था तथा विभिन्न विधाका राष्ट्रिय अन्तराष्ट्रिय खेलाडीलाई सम्झनु पर्नेछ।

(ण) "प्रशिक्षक" भन्नाले दोर्दी गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लव, संघ, संस्थामा खेल प्रशिक्षण समितिमा सम्बद्ध बिषयगत खेलकुद प्रशिक्षक सम्झनु पर्छ।

(त) "प्रशिक्षार्थी" भन्नाले दोर्दी गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, खेलाडी टिम, क्लव, संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी सम्झनु पर्छ।

(थ) "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान, पुरस्कारलाई सम्झनु पर्दछ।

## परिच्छेद ३

## दोर्दी गाउँपालिका खेलकुद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार

**३. दोर्दी गाउँपालिका खेलकुद विकास समिति गठनः** (१) खेलकुदको विकास गर्नको लागि दोर्दी गाउँपालिकामा देहाय बमोजिमको "खेलकुद विकास समिति" को गठन हुनेछः

(क) दोर्दी गाउँपालिका अध्यक्ष वा निजले तोकेको वडा अध्यक्षबाट १ जना – संयोजक

(ख) सामाजिक समितिको संयोजक –सदस्य

(ग) विभिन्न विधाका खेलकुदका प्रशिक्षकहरु मध्ये अध्यक्षद्वारा मनोनित १ जना –सदस्य

(घ) दोर्दी गाउँपालिका, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी वा पूर्व खेलाडीबाट दोर्दी गाउँपालिका कार्यपालिकाबाट मनोनीत कम्तीमा एकजना महिला सहित बढीमा २ जना – सदस्य

(ङ) दोर्दी गाउँपालिका स्तरका खेलकुद सम्बन्धी संस्था तथा क्लवहरुबाट सिफारिश भई आएका व्यक्तिहरु मध्येबाट अध्यक्षले मनोनित गरेका कम्तिमा १ जना महिला सहित २ जना –सदस्य

(च) सामुदायिक र संस्थागत विद्यालयका खेल शिक्षक मध्ये अध्यक्षद्वारा मनोनित १ जना –सदस्य

(छ) शिक्षा, यूवा तथा खेलकुद शाखाको शाखा प्रमुख १ जना – सदस्य सचिव

(१) समितिले आवश्यक देखेमा कुनै न.पा/गा.पा. वा अन्य जिल्लाको खेलकुदको क्षेत्रमा ख्याती प्राप्त ब्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(२) दोर्दी गाउँपालिका खेलकुद समिति अन्तर्गत आवश्यकता अनुसार प्रत्येक वडामा वडा खेलकुद समिति गठन गर्न सकिनेछ।

माथि दफा ३ मा जे सुकै लेखिएको भएता पनि

**४. खेलकुद विकास समितिको काम कर्तब्य र अधिकारः** खेलकुद विकास समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) दोर्दी गाउँपालिका स्तरीय खेलकुद क्यालेण्डरलाई स्वीकृत गर्ने।

(ख) स्थानीय स्तरका खेलकुदको लागि संचरनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास गर्ने,

(ग) खेलकुदको स्तरमा वृद्धि गर्न दोर्दी गाउँपालिका, जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरका विभिन्न विधाका खेलकुदको प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने।

(घ) शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धी प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने।

(ङ) खेलकुद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई अन्य गा.पा./न.पा जिल्ला, प्रदेश र संघमा पठाउन मनोनयन गर्ने।

(च) स्थानीय स्तरका खेलकुद प्रशासन, शैक्षिक संस्था, क्लव, संघ, संस्था, इन्ष्टिच्युटको नियमन र समन्वय गर्ने र आवश्यक निर्देशन दिने।

(छ) खेलकुदको विकास र प्रर्वद्धन गर्ने।

(ज) स्थानीय तहलाई खेलकुद सम्बन्धी कुरामा सल्लाह दिने, तथा स्थानीय तहले आयोजना गरेका खेल संचालनको लागि विभिन्नि उप समिती गठन गरी खेललाई मर्यादित र व्यवस्थीत ढङ्गले संचालन गर्ने गराउने।

(झ) खेलकुद सम्बन्धी क्लब, संस्थालाई आर्थिक सहयोगको लागि गाउँपालिकालाई निर्देशन दिने।

(ञ) खेलकुद सम्बन्धी स्तर बढाउने पुस्तक, पर्चा, चलचित्र वा भिडियो चलचित्र आदिको लेखक वा निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहित गर्ने ।

(ट) खेलकुदको विकासको लागि आवश्यकतानुसार सम्भव भएसम्म प्रत्येक वडामा खेलकुद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने ।

(ठ) खेलाडीहरुको स्तरबृद्धि गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट तालिम दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकतानुसार विदेशमा समेत तालीम हासिल गर्नको लागि पठाउने,

(ड) दोर्दी गाउँपालिका भित्रका खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि निर्णय गर्ने ।

(ढ) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक व्यवस्था गर्ने ।

(ण) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका अपाङ्गहरुको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्था गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकुदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने ।

(त) वडा स्तर र विद्यालय स्तरमा खेलकुद गतिविधि सञ्चालन गर्ने गराउने ।

(थ) गाउँपालिकास्तरीय खेल र खेलाडीको अभिलेख अनुसूची-६ बमोजिमको ढाचाँमा एकीकृत गर्ने ।

(द) प्रत्येक खेलका खेलाडीको स्तर (Rank) निर्धारण गर्ने ।

(ध) खेल क्षेत्रको विकासको लागि नीति एवं कार्यक्रम तयार गर्ने ।

(न) दोर्दी गाउँपालिकास्तरीय विभिन्न खेलको टिममा रहने खेलाडी छनौट गर्ने ।

(प) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

**५. सदस्य सचिवको काम कर्तव्य र अधिकारः**

(क) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय पुस्तिकाको सुरक्षा गर्ने र संयोजकको आदेशानुसार बैठकको लागि आवश्यक बिषय सूचि र सामग्री जुटाउने ।

(ख) बैठकको माइन्यूट उठाउने र बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने ।

**६. समितिका सदस्यहरुको पदावधिः** (१) मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि पनि निजहरुको पुनः मनोनयन हुन सक्नेछ ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ४ को प्रकृया बमोजिम पद पूर्ति गरिनेछ ।

(३) सदस्यले राजीनामा दिई स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ । त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन ।

**७. सदस्यको अयोग्यता**ः देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः

(क) गैर नेपाली नागरिक ।

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको ।

(ङ) मगज विग्रेको, मानसिक सन्तुलन गुमाएको ।

(च) पदेन सदस्य बाहेक अन्य सदस्य १८ (अठार) वर्ष उमेर पूरा नभएको ।

**८. सदस्यता समाप्त हुने अवस्थाः** देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः

(क) दफा ७ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा।

(ख) सदस्यले राजीनामा गरेमा।

(ग) मृत्यु भएमा।

(घ) समितिलाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी परिषद्को बैठकमा अनुपस्थित भएमा।

## परिच्छेद ५

## समितिको बैठक

**९. समितिको बैठक र निर्णयः** (१) संयोजकबाट निर्देशन भए अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) समितिको कूल सदस्य संख्याको ५१ (एकाउन्न) प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठक प्रत्येक ३/३ महिनामा अनिवार्य बस्नु पर्नेछ। वर्षको कम्तिमा ४ पटक बस्नेछ।

(५) जम्मा सदस्य संख्याको एक तिहाइ सदस्यहरुले मनासिव माफिकको कारण देखाई बैठक बोलाइयोस भनी संयोजक समक्ष लिखित अनुरोध गरेमा संयोजकले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ।

(७) सदस्य-सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ।

## परिच्छेद ६

## टिम, क्लव, संघसंस्थाहरुको दर्ता र व्यवस्थापन

**१०. खेलकुद सम्बन्धी संस्थाको दर्ताः** (१) खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले गाउँपालिकामा समेत दफा ११ बमोजिम दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकामा दर्ता नभएको खेलकुद सम्बन्धी टिम, क्लव, संघ संस्थाले दोर्दी गाउँपालिका भित्र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न सक्ने छैन।

(३) पहिलो पटकको लागि यो कार्यविधि स्वीकृत भएको सात दिन भित्र १ महिनाको समयावधी दिई गाउँपालिकामा सार्वजनिक सुचना गर्नुपर्नेछ।

**११. संस्था दर्ताको लागि दरखास्त दिनु पर्नेः** (१) दोर्दी नपाको लगतमा संस्था दर्ता गराउन चाहने खेलकुद सम्बन्धी संस्थाले देहायका कुराहरु खुलाई गाउँपालिकामा नाम दर्ताको लागि अनूसूची १ बमोजिमको ढाचाँमा दरखास्त दिनु पर्नेछः

(क) संस्थाको नाम र ठेगाना,

(ख) सञ्चालन गरिने खेलकुदको किसिम,

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा।

(२) उपदफा (१) बमोजिम दरखास्त दिंदा खेलकुद सम्बन्धी संस्थाले आफ्नो विधानको एकप्रति प्रतिलिपि समेत दरखास्त साथ संलग्न गरेको हुनु पर्नेछ ।

**१२. खेलकुद सम्बन्धी संस्थाको नाम दर्ता गर्न सक्नेः** (१) दफा ११ बमोजिम नाम दर्ता गराउन दरखास्त परेमा दरखास्त प्राप्त भएको मितिले एक हप्ता भित्र संयोजकले आवश्यक जाँचबुझ गरी त्यस्तो खेलकुद सम्बन्धी संस्थालाई दर्ताको लागि गाउँपालिकामा सिफारिस गर्नेछ । गाउँपालिकाले नियमानुसार दर्ता गराई अनूसूची २ बमोजिमको प्रमाण पत्र दिनु पर्नेछ । सोहि प्रमाण पत्रमा हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी तोकिएको शुल्क लिई जिम्मेवार कर्मचारीले नविकरण गर्नु पर्नेछ ।

(२) पहिल्यै दर्ता भई सकेको संस्था भए गाउँपालिकामा सूचीकृतको लागी अनुसूची-३ को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ,

(३) सूचीकृत भएका संस्थाहरुलाई अनुसुची-४ बमोजिम प्रमाण पत्र दिईनेछ । सोही प्रमाण पत्रमा हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी जिम्मेवार कर्मचारीले नविकरण गर्नुपर्नेछ,

(४) दर्ता वा सूचीकृत भएका संस्थाको नविकरण गर्न दिईने निवेदन अनुसूची-५ बमोजिम को ढाँचामा हुनेछ,

(५) गाउँपालिकामा दर्ता वा सूचीकृत गर्दा आर्थिक ऐन अनुसारको रकम लाग्ने छ ।

(६) प्रत्येक वर्ष समाप्त भएको ३ महिना भित्र सवै दर्तावाल वा सूचीकृत संस्थाहरुले गाउँपालिकामा अनिवार्य नविकरण गराउनु पर्नेछ ।

(७) दर्ता र नबिकरण गर्नु भन्दा पहिले समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धित ठाउँको निरिक्षण गर्नु पर्नेछ । तर वडा समितिले स्थलगत अवलोकन गरी प्रतिवेदन साथ सिफारिस गरेमा मान्य हुनेछ ।

(८) उपदफा (१) बमोजिम लगतमा नाम दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना गाउँपालिकाले त्यस्तो खेलकुद सम्बन्धी संस्थालाई दिनु पर्नेछ ।

(९) दर्ता भएका टिम क्लव, संघ संस्थाले जुनसुकै खेलकुदको प्रतियोगिता गर्नु भन्दा अगाडि दोर्दी गाउँपालिका खेलकुद समितिको सिफारिसमा गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

(१०) गाउँपालिकामा दर्ता भएका टिम, क्लव, संघसंस्थाहरुले दोर्दी गाउँपालिका खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई दोर्दी गाउँपालिका खेलकुद विकास समितिको सिफारिसमा गाउँपालिकाबाट आवश्यक रकम उपलब्ध गराउन सक्नेछ ।

(११) अन्य पालिकाबाट माग भई आएमा खेलकुदको लागि सहयोग गर्न सकिनेछ ।

**१३. हेरफेरको सूचना गर्नु पर्नेः** (१) यो कार्यविधी बमोजिम न.पा.को लगतमा नाम दर्ता भएको खेलकुद सम्बन्धी संस्थाले दफा ११ बमोजिम नाम दर्ताको लागि दिएको दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्त साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेको कारण सहितको सूचना पन्ध्र दिन भित्र समितिलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि त्यस्तो हेरफेर गर्नु पर्ने कारण मनासिव देखेमा समितिको सिफारिसमा त्यस्तो हेरफेरको व्यहोरा लगतमा जनाई लगत अद्यावद्यिक बनाई राख्नु पर्नेछ ।

**१४. खेलकुद सम्बन्धी संस्थाले हिसाबको श्रेस्ता राख्नु पर्नेः** (१) खेलकुद सम्बन्धी संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता समितिले तोकिदिएको ढाँचामा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ खेलकुद समितिले जुनसुकै बेला पनि गर्न सक्नेछ।

(३) खेलकुद समितिले उपदफा (२) बमोजिम खेलकुद सम्बन्धी संस्थाको श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक कारवाही चलाउनु पर्नेछ।

**१५. निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्नेः** (१) गाउँपालिकाले खेलकुद सम्बन्धी संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले दिएको निर्देशनको पालन नगर्ने खेलकुद सम्बन्धी संस्था वा समितिले तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्बन्धी संस्थाको नाम गाउँपालिकाले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम गाउँपालिकाले आफ्नो लगतबाट कुनै खेलकुद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई दिनु पर्नेछ।

**१६. स्वीकृति लिनु पर्नेः** खेलकुद सम्बन्धी संस्थाले खेलकुद प्रतियोगिता, दोर्दी गाउँपालिका भन्दा बाहिर वा राष्ट्रिय वा अन्तराष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा दोर्दी गाउँपालिकामा हुने खेलकुद प्रतियोगिता वा खेलकुद विषयको सभा वा सम्मेलनमा अन्य क्षेत्रको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न समितीको सिफारिसमा गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ।

**१७. सदस्यहरुको भत्ताः** (१) सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत प्रति बैठक रु. १०००।- बैठक भत्ता पाउनेछन्।

**१८. कार्यक्रम तथा बजेटः** खेलकुद विकास प्रवर्द्धनको लागि दोर्दी गाउँपालिकाले आवश्यक बजेट बार्षिक योजनामा समावेश गर्नु पर्नेछ।

## परिच्छेद ७

## आचार संहिता

**१९. आचार संहिताः** (१) खेल सम्बन्धी विषयका खेलाडी, समिति संयोजक तथा सदस्य, कर्मचारी देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछः

(क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पनि प्रतिबन्धित लागु औषध र मादक पदार्थ सेवन गर्न पाईने छैनन्।

(ख) खेलाडी टिमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी टिम बनाउन पाइने छैन। तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमको रुपमा मान्यता दिइनेछ।

(ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ। तर कोचिङ्ग कक्षा सञ्चालन गर्न दर्ता नभएको टिमलाई पनि सामेल गराउन सकिनेछ। पहिलो वर्ष दर्ता नभएको टिमले पनि सहभागी हुन पाउनेछ।

(घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरीएको खेलाडीलाई खेलको टिमबाट हटाइनेछ।

(ङ) खेलको विजय पश्चात पाउने सील्ड, ट्रफि कहिं कतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन । तर कुनै दर्तावाला क्लव विगठन हुन गई उक्त क्लवले प्राप्त गरेका सील्ड, ट्रफि गाउँपालिकाको स्विकृतीमा अर्को दर्तावाल क्लवलाई उपहार दिन भने वाधा पर्ने छैन ।

(च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइने छैन तर संरक्षण गर्न बाधा पर्ने छैन ।

(छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइनेछैन ।

(ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टीमको पक्ष लिई क्ल्यापिङ्ग हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइनेछ तर विपक्षी टीमका व्यक्तिहरु वा टीमलाई इंगित गरी काटुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शब्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

(झ) खेलको प्रतिस्पर्धा निम्ति गाउँपालिकाको स्विकृति र इजाजत विना आफ्नो टिमको नाममा जवर्जस्ती सहयोग उठाउन पाइने छैन

(ञ) गाउँपालिकाको स्विकृति वा इजाजत लिई उठाइएको सहयोग संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धी क्लवबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

(ट) यस अघिनै अन्यत्र दर्ता भएका वा गाउँपालिकामा सूचीकृत भएका संस्थाहरुले गाउँपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन् ।

**२०. सौजन्यताः** दर्तावाला संस्थाहरुले कसैको सौजन्यमा कुनै खेल सञ्चालन गर्न गाउँपालिकाको पूर्व स्वीकृती लिनुपर्नेछ ।

**२१. वडास्तरीय खेलकुद समिति गठनः** (१) खेलकुदको बिकास गर्नको लागि वडास्तरमा देहाय बमोजिमको वडास्तरीय खेलकुद बिकास समितिको गठन हुनेछ ।

(क) वडा अध्यक्ष -संयोजक

(ख) वडा सचिव - सदस्य

(ग) विभिन्न बिधाका खेलकुदका प्रशिक्षकहरु मध्ये संयोजकले तोकेको १ जना -सदस्य

(घ) विद्यालय, संघ संस्था तथा क्लब बाट सिफारिस भई आएका व्यक्तिहरुमध्येबाट समितिले मनोनित गरेको कम्तिमा १ जना महिला सहित २ जना -सदस्य

(ङ) सामुदायिक/संस्थागत विद्यालयका खेल शिक्षकहरुमध्ये समितिले मनोनित गरेको १ जना -सदस्य

(च) वडामा रहेका उच्चतम विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

**२२. वडास्तरीय खेलकुद समितिको काम कर्तव्य र अधिकारः** (१) वडास्तरीय खेलकुद विकास समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडा स्तरीय खेलकुद क्यालेण्डरलाई स्वीकृत गर्ने ।

(ख) स्थानीय स्तरका खेलकुदको लागि संचरनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास गर्ने,

(ग) खेलकुदको स्तरमा वृद्धि गर्न वडा र गाउँपालिकास्तरीय विभिन्न विधाका खेलकुदको प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने ।

(घ) आफ्नो वडा भित्र रहेका शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धी प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने ।

(छ) खेलकुदको विकास र प्रर्वद्धन गर्ने ।

(ज) वडा/स्थानीय तहलाई खेलकुद सम्बन्धी कुरामा सल्लाह दिने, तथा वडा/स्थानीय तहले आयोजना गरेका खेल संचालनको लागि विभिन्नि उप समिती गठन गरी खेललाई मर्यादित र व्यवस्थीत ढङ्गले संचालन गर्ने गराउने ।

(झ) खेलकुद सम्बन्धी क्लब, संस्थालाई आर्थिक सहयोगको लागि गाउँपालिकालाई सिफारिस गर्ने ।

(ट) खेलकुदको विकासको लागि आवश्यकतानुसार सम्भव भएसम्म आफ्नो वडामा खेलकुद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने ।

(ठ) समितिले तोके अनुसारको अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

## परिच्छेद ८

## सजाय

**२३. जरिवानाः** (१) दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरुले नविकरण नगराएमा देहाय बमोजिम जरिवाना गरिनेछ

(क) एक वर्षसम्म पनि नविकरण नगरेमा रु. ५००/-

(ख) दुई वर्षसम्म पनि नविकरण नगरेमा रु. १०००/-

(ग) तीन वर्षसम्म पनि नविकरण नगरेमा रु. १५००/-

(घ) चार बर्षसम्म पनि नविकरण नगरेमा रु २०००/-

(ङ) पाँच वर्षसम्म पनि नविकरण नगरेमा रु. २५००/-

(२) पाँच वर्ष भन्दा बढी समय सम्म पनि नविकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ । यसरी समयमै नविकरण नगरी दर्ताको सूचीबाट हटी सकेको संस्थामा संलग्न व्यक्तिको अर्को संस्था दर्ता गरिने छैन ।

(३) समयमै नविकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ । तर संस्थाको कुनै व्यक्तिका कारणले संस्था नविकरण गर्न विलम्ब हुन गएको भए उक्त व्यक्तिबाट संस्थाले असूल उपर गर्न सक्नेछ ।

**२४. जिम्मेवार नहुनेः** समितीको आयोजनामा हुने खेलकुद प्रतियोगितामा कुनै कारणवस खेलाडी वा अन्य व्यक्ति घाइते वा मृत्यु भएमा त्यसको जिम्मेवारी समिती वा गाउँपालिका हुन सक्ने छैन र सो वापतको क्षतीपूर्ती दिन समिती वा गाउँपालिका बाध्य हुने छैन ।

**२५. संस्थाको विघटनः** (१) दर्ता भएको खेलकुदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछनः

(क) संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा,

(ख) लगातार ५ वर्ष सम्म संस्था नविकरण नगरेमा,

(ग) संस्थाका पदाधिकारीहरु निष्कृय भएमा वा वेपत्ता भएमा,

(घ) प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षत विक्षत भएमा ।

**२६. विघठित सस्थाको सम्पत्तिः** विगठन भएको संस्थाको सम्पत्ति गाउँपालिका मातहतमा रहनेछ ।

**२७. सजायः** (१) समितिको कुनै सदस्य वा कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनियत साथ समितिलाई हानी नोक्सानी पुऱ्याएमा निजलाई २००००।– (बीस हजार) रुपैयाँसम्म जरिबाना हुन सक्नेछ ।

**२८.असल नियतले गरेको काममा बचाउः** यस निर्देशिका बमोजिम खेलकुद सम्बन्धी शैक्षिक संस्था, क्लव, संस्थाहरुको अनुगमन तथा नियमन गर्दा सदस्यहरु उपर कुनै कारवाही गरिने छैन ।

**२९. प्रतिवेदनः** समितिको बार्षिक प्रगती प्रतिवेदन संयोजकले कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**३०. बाधा अडकाउ फुकाउने अधिकारः** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा ब्याख्या गर्ने अधिकार दोर्दी गाउँपालिकालाई हुनेछ ।

**३१. संशोधनः** यस निर्देशिकामा आवश्यकता अनुसार दोर्दी गाउँपालिकाकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

# अनुसूची १

**(दफा ११ को उपदफा १ सँग सम्बन्धित)**

मितिः.................................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
दोर्दी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, नौथर।

विषयः संस्था दर्ता सम्बन्धमा।

म/हामीले तपसीलमा उल्लेखित विवरण अनुसारको खेलकुद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्वीकृती र संस्था दर्ताका लागि आवेदन गरेको छु/छौं। नियमानुसार संस्था दर्ता गरीदिनु हुन अनुरोध गरिन्छ।

संस्थाको कार्यालय रहने स्थान :...........................................

नौथर दोर्दी गाउँपालिका वार्ड नं..........., टोलको नाम...................

| | |
|---|---|
| सचिव : | अध्यक्ष : |
| नाम : | नाम : |
| मिति : | मिति : |

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :

क) संस्थाको विधानको मस्यौदा
ख) आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि
ग) संस्थाको छापको नमूना

**अनुसूची २**

**(दफा १२ को उपदफा १ सँग सम्बन्धित)**

दोर्दी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

नौथर ,लमजुङ

मितिः............................

**<u>संस्था दर्ता प्रमाण पत्र</u>**

संस्थाको नाम :............................................ ठेगाना :..............................................

दर्ता हुँदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या :

दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नाम :

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ । दोर्दी गाउँपालिका खेलकुद बिकास समिति कार्यविधि र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधिहरु सञ्चालन गर्न अनुमति प्रदान गरिएको छ ।

................................

अध्यक्ष प्रशासकीय अधिकृत

**संस्था नविकरणको विवरण**

| क्र.स. | संस्थाको नाम | नविकरण भएको मिति | नविकरण दस्तुर | नविकरण गर्ने कर्मचारीको सही र न.पाको छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**अनुसूची ३**

**(दफा १२ को उपदफा २ सँग सम्बन्धित)**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
दोर्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नौथर, लमजुङ।

विषयः संस्था सुचिकृत गरिदिनु हुन।

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं। गाउँपालिकाको नियमानुसार संस्था सूचीकृत गर्नु पर्ने भएकोले नियम अनुसार गरिदिन अनुरोध गर्दछौं।

**संलग्न कागजातहरु**

क) दर्ता प्रमाण पत्र
ख) चालु वर्षको लेखा परीक्षण प्रतिवेदन
ग) कर चुक्ता प्रमाण पत्र
घ) कार्य समितिको निर्णय

| | |
|---|---|
| ………… | …………. |
| हस्ताक्षर | हस्ताक्षर |
| सचिव | अध्यक्ष |

**अनुसूची ४**

**(दफा १२ को उपदफा ३ सँग सम्बन्धित)**

दोर्दी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

नौथर लमजुङ ।

## संस्था सूचीकृत प्रमाण पत्र

संस्थाको नाम :.............................................. ठेगाना :........................................................

दर्ता हुदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या :

दर्ता हुदाका बखत रहनु भएको अध्यक्षको नाम :

माथि उल्लिखित विवरण भएको संस्था सूचीकृत गरी प्रमाण पत्र प्रदान गरिएको छ । दोर्दी गाउँपालिका खेलकुद विकास समिति कार्यविधि र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतीविधीहरु सञ्चालन गर्न अनुमति प्रदान गरिएको छ ।

.................................

प्रमुख प्रशासकीय अधिकृत

**संस्था नविकरणको विवरण**

| क्र.स. | संस्थाको नाम | नविकरण भएको मिति | नविकरण दस्तुर | नविकरण गर्ने कर्मचारीको सही र न.पाको छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**अनुसूची ५**

**(दफा १२ को उपदफा ४ सँग सम्बन्धित)**

मिति :............................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
दोर्दी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
नौथर, लमजुङ ।

**विषय : संस्था नविकरण गरी पाउँ ।**

............................................................................................ नामक संस्था यस गाउँपालिकामा दर्ता/सूचीकृत भई खेलकुद सम्बन्धी गतिविधीहरु सञ्चालन गरी रहेको हुँदा तपशिल बमोजिमका कागज पत्र संलग्न राखी नविकरण गरीपाउँ भनि निवेदन गर्न आएको छु/छौ । अतः आर्थिक बर्ष...............को संस्था नविकरण गरी पाउँ ।

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

क) आर्थिक वर्ष .................को लेखा परीक्षण प्रतिवेदन,
ख) संस्थाको वार्षिक गतीविधि,
ग) भावि योजना र बजेट ।

............................
निबेदक

**अनुसूची ६**

**(दफा ४ को उपदफा १ को (थ) सँग सम्बन्धित)**

दोर्दी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

नौथर लमजुङ।

**<u>खेलाडीको अभिलेख किताब</u>**

| क्र. स. | खेल बिधा | सहभागी संख्या | सहभागी वडा | सहभागी खेलाडीको नाम | क्लब/ संस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

......................
सदस्य सचिव

......................
संयोजक

## अनुसूची-७

## क्लब एवं संस्थाको अभिलेख किताव

| क्र.स. | क्लव/संस्थाको नाम | गा.पा/न.पा | वडा नं. | अध्यक्षको नाम | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची-८

## प्रशिक्षक, टिम म्यानेजरको अभिलेख किताव

| क्र.स. | खेल विधा | प्रशिक्षकको नाम | ठेगाना | सम्पर्क नम्बर | आ.ब. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची-९

## दोर्दी गाउँपालिकास्तरीय टिमको अभिलेख किताव

| क्र.स. | खेल विधा | टिम संख्या | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**आज्ञाले,**

**हेमराज काफ्ले**

**प्रमुख प्रशासकीय अधिकृत**